**आकाशवाणी समाचार- नेपाली**

मितिः १२ जनवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले विकसित भारत युवा नेता संवाद कार्यक्रम, विकसित भारतको सपना साकार पार्न युवा दिमागको ऊर्जा, रचनात्मकता र नेतृत्वलाई निर्देशित गर्नु रहेको बताउनु भएको छ।

२. केन्द्रीय गृहमन्त्री अमित शाहले पछिल्लो एक दशकमा आम आदमी पार्टी दिल्लीका लागि आपदा बनेको आरोप लगाउनु भएको छ

३. रक्षामन्त्री राजनाथ सिंहले २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउन युवाको महत्वपूर्ण भूमिका रहने बताउनु भएको छ।

४. महाकुंभ 2025 को शुरुआत भोलि पौष पूर्णिमाको पहिलो अमृत स्नानको साथ शुरु हुनेछ।

र

५. सूर्यकुमार यादवको कप्तानीमा इंग्ल्याण्डविरुद्धको पाँच खेलको टी–२० सिरिजका लागि १५ सदस्यीय टोलीको घोषणा

**प्रधानमन्त्री - युवा नेता**

प्रधानमन्त्री नरेन्द्र मोदीले विकसित भारत युवा नेता संवाद देशका युवाहरूलाई राष्ट्रको विकास यात्रामा संलग्न गराउने एक अद्वितीय पहल भएको बताउनु भएको छ। श्री मोदीले युवा तथा खेलकुद मामिला राज्यमन्त्री रक्षा खडसेले राष्ट्रिय युवा महोत्सव 2025 र विकसित भारत युवा नेता संवादमा लेखेको लेख साझा गर्दै उक्त कुरा बताउनुभयो भने कार्यक्रमको उद्देश्य विकसित भारतको सपना साकार पार्न युवा दिमागको ऊर्जा, रचनात्मकता र नेतृत्वलाई निर्देशित गर्नु रहेको बताउनु भएको छ। यसैबीच राष्ट्रिय युवा दिवसको अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारत मण्डपममा आयोजित विकसित भारत युवा नेता संवादमा भाग लिनुहुनेछ।कार्यक्रममा श्री मोदीको देशभरका ३ हजार युवा नेतासँग अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ।

****** ० ******

**शाह-दिल्ली**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा केन्द्रीय गृहमन्त्री अमित शाहले पछिल्लो एक दशकमा आम आदमी पार्टी दिल्लीका लागि आपदा बनेको आरोप लगाउनु भएको छ भने यस अवधिमा सम्पूर्ण देशमा प्रगति भएको भए पनि दिल्लीमा विकासको गति सुस्त भएको उल्लेख गर्नुभयो। नयाँ दिल्लीमा आज आयोजित झुग्गी बस्ती प्रधान सम्मेलनलाई सम्बोधन गर्दै श्री शाहले यस्तो बताउनु भयो। यसका साथै उहाँले "आम आदमी पार्टी र कंग्रेसले दिल्लीका जनताको कहिल्यै पनि राम्रो गर्न नसक्ने सक्दैनन् बताउदै उनीहरू केवल भोट बैंकको लागि वाचा गर्ने बताउनु भयो।

बाइट

अर्कोतिर देशभरका 3 करोड़ 58 लाख भन्दा अधिक मानिसहरूले प्रधान मन्त्री आवास योजना अन्तर्गत घरहरू पाएको भए पनि अरविन्द केजरीवालका कारण दिल्लीका जनताले यी घरहरू नपाएको श्री शाहले बताउनु भयो।यसका साथै भाजपा सरकारमा आए सुकुम्बासी बस्तीमा बस्ने हरेक परिवारलाई पक्की घर उपलब्ध गराउने आश्वासन समेत शाहले दिनुभयो।

****** ० ******

**भाजपा उम्मीदवार दूसरी सूची**

भारतीय जनता पार्टीले दिल्ली विधानसभा चुनावका लागि २९ उम्मेदवारको दोस्रो सूची सार्वजनिक गरेको छ। पूर्व विधायक कपिल मिश्रालाइ करावल नगर, हरीश खुरानालाई मोती नगर अनि प्रियंका गौतमलाई कोंडलीबाट उम्मेदवार बनाइएको छ। यसअघि पार्टीले २९ उम्मेदवारको पहिलो सूची सार्वजनिक गरेको थियो। कुल ७० विधानसभा सिटमध्ये भाजपाले अहिलेसम्म ५८ सिटका लागि उम्मेदवार घोषणा गरिसकेको छ।

****** ० ******

**अश्विनी वैष्णव-पुणे**

केन्द्रीय रेल तथा सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले पूर्वाधार, उत्पादकता, कानून सुधार र समावेशी वृद्धिमा गरिएको लगानीले २०४७ सम्ममा भारतको भविष्य लाई आकार दिन महत्वपूर्ण भूमिका खेल्ने बताउनु भयो। गोखले इन्स्टिच्युटमा आयोजित दुई दिने पुणे पब्लिक पोलिसी फेस्टिभलको समापन समारोहलाई सम्बोधन गर्दै श्री वैष्णवले यस्तो बताउनु भएको हो। कार्यक्रमलाई सम्बोधन गर्दै श्री वैष्णवले विकसित भारतका चार स्तम्भहरूमा ध्यान केन्द्रित गर्दै दूरसञ्चार क्षेत्रमा केन्द्र सरकारले गरेको प्रगतिको बारेमा प्रकाश पार्नुभयो भने नयाँ स्टेसनको विकाससँगै रेल सेवा विस्तारका लागि थप सुविधा उपलब्ध गराइने र त्यसका लागि पर्याप्त व्यवस्था गरिने बताउनु भयो। उत्सवमा उद्यमी, व्यवसायी, विद्यार्थी, विभिन्न क्षेत्रका विशेषज्ञहरुको सहभागिता रहेको थियो।

****** ० ******

**राजनाथ**

रक्षामन्त्री राजनाथ सिंहले २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउन युवाको महत्वपूर्ण भूमिका रहने बताउनु भएको छ। उहाँले भन्नुभयो , 'युवाहरूको नयाँ सोच र कार्य नैतिकताले भारतलाई विश्वमा नयाँ पहिचान दिनेछ। जसका कारण आज सारा विश्वले भारतको शक्तिलाई चिनेको छ। मेरठस्थित आईआईएमटी विश्वविद्यालयको दीक्षान्त समारोहलाई सम्बोधन गर्दै श्री सिंह यस्तो बताउनु भएको हो भने देशको शक्ति युवाहरूको ज्ञान, कौशल र संकल्पमा निहित रहेको उल्लेख गर्नुभयो।

**बाइट-राजनाथ सिंह**

यसका साथै रक्षामन्त्रीले विद्यार्थीहरूलाई स्वामी विवेकानन्दको जीवन र आदर्शबाट प्रेरणा लिन आग्रह गर्दै 'आजका युवाहरू आफ्नो दृढ संकल्प शक्तिका साथ भारतलाई फेरि एक पटक विश्व नेता बनाउन पूर्ण रूपमा सक्षम रहेको बताउनु भयो।

****** ० ******

**जीतन राम मांझी**

केन्द्रीय सूक्ष्म, साना तथा मझौला उद्यम मन्त्री जीतनराम मांझीले गत आर्थिक वर्षमा कयर र कयर उत्पादनको वार्षिक निर्यातमा उल्लेख्य वृद्धि भएको बताउनु भएको छ। कोच्चिमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै श्री माझीले गत आर्थिक वर्षमा वार्षिक निर्यात तीन हजार तीन सौ 88 करोड़ पुगेको बताउदै कयर उत्पादन बढेर 7 दशमलव 9 लाख टन पुगेको बताउनु भयो। यसका साथै उहाँले आगामी आर्थिक वर्षका लागि ५ हजार करोडको निर्यात लक्ष्य राखिएको समेत बताउनु भयो ।

****** ० ******

**महाकुंभ-जंगल**

महाकुंभ 2025 को शुरुआत भोलि पौष पूर्णिमाको पहिलो अमृत स्नानको साथ शुरु हुनेछ। यस भव्य समारोहको सम्पूर्ण तयारी पूरा भएको छ। महाकुम्भमा आउने भक्तजनका लागि शुद्ध हावा र स्वस्थ वातावरण सुनिश्चित गर्न प्रयागराजका विभिन्न स्थानमा घना जङ्गलको विकास गरिएको छ।

****** ० ******

**संयुक्त राष्ट्र-भारत डाटा विज्ञान**

भारत आधिकारिक तथ्याङ्कका लागि संयुक्त राष्ट्र संघको बिग डेटा र डेटा साइन्स विशेषज्ञहरूको समितिमा सामेल भएको छ। भारतले अब आधिकारिक तथ्याङ्कीय उद्देश्यका लागि बिग डेटा र डेटा साइन्स प्रयोग गर्ने विश्वव्यापी मापदण्ड र अभ्यासहरूलाई आकार दिन योगदान गर्नेछ। तथ्याङ्क मन्त्रालयले एक विज्ञप्तिमा बताएको छ कि विज्ञहरूको यस समितिमा भारतको समावेश देशको तथ्याङ्कीय पारिस्थितिक प्रणालीको लागि एक महत्त्वपूर्ण कदम हो। मन्त्रालयले विज्ञ समितिमा देशको सक्रिय सहभागिताले डाटा इनोभेसन ल्याबको स्थापना र वैकल्पिक डाटा स्रोतहरूको अन्वेषण लगायतका अग्रगामी पहलहरूलाई उजागर गर्नेछ। संयुक्त राष्ट्र

संघका विज्ञहरूको यो समिति दिगो विकास लक्ष्यहरूको अनुगमन र रिपोर्टिङको सम्भावना सहित बिग डाटाका फाइदाहरू र चुनौतीहरूको जाँच गर्न सिर्जना गरिएको थियो।

****** ० ******

**उत्तराखंडी प्रवासी सम्मेलन**

उत्तराखण्डका मुख्यमन्त्री पुष्करसिंह धामीले आज देहरादुनमा प्रथम अन्तर्राष्ट्रिय उत्तराखण्ड प्रवासी सम्मेलनको उद्घाटन गर्नुहुने भएको छ । सम्मेलनको उद्देश्य उत्तराखण्डमा लगानी प्रवर्द्धन गर्नु र प्रवासीहरूको अनुभवलाई लाभ पुर्याउनु हो। सम्मेलनमा १७ देशका भारतीय प्रवासी सदस्यहरुको सहभागिता रहनेछ । कार्यक्रममा उत्तराखण्डमा लगानीका अवसर, आतिथ्य र स्वास्थ्य, कौशल विकास, वैदेशिक रोजगारी, उच्च शिक्षा, बागवानी र जडीबुटीको संभावनाका विषयमा विभिन्न सत्रको आयोजना गरिनेछ ।

****** ० ******

**तेलंगाना-पांच डूबे**

तेलंगानाको सिद्दीपेट जिल्लाको कोन्डा पोचाम्मा सागरमा डुबेर पाँच युवाको मृत्यु भएको छ । तीमध्ये दुई जनालाई स्थानीयले उद्धार गरेका छन् । हैदराबादबाट आएका यी सबै युवा कोण्डा पोचाम्मा मन्दिरको दर्शन गर्न आएका थिए ।पुलिसका अनुसार जलाशयमा यस्ता गतिविधि गर्न नपाइने भए पनि पौडी खेल्ने क्रममा डुबेर ती युवाको मृत्यु भएको हो । यसैबीच मुख्यमन्त्री ए. रेवन्त रेड्डीले घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै अधिकारीहरूलाई खोजी कार्यलाई तीव्रता दिन निर्देशन दिनुभएको छ भने बेपत्ता युवकहरुको खोजीमा व्यावसायिक गोताखोर परिचालन गर्न पनि निर्देशन दिइएको छ ।

****** ० ******

**हज-अस्थाई सीटें**

हज 2025 का लागि विभिन्न राज्यका तीन हजार छ सय छयात्तर आवेदकहरूलाई अस्थायी सिटहरू तोकिएको छ। भारतीय हज समितिले आज यस वर्षको हजको लागि दोस्रो प्रतीक्षा सूची जारी गरेको छ। अल्पसंख्यक मामिला मन्त्रालयले भनेको छ यी आवेदकहरूले जनवरी २३ अघि हज रकमको रूपमा 2 लाख 72 हजार 3 सय जम्मा गर्नुपर्नेछ। यस सम्बन्धमा आवश्यक कागजातहरू पेश गर्न आवेदकहरूलाई भनिएको छ। यस वर्ष समितिले एक लाख 22 हजार जनालाई यात्रामा पठाउनेछ।

****** ० ******

**अमरीका-जंगल आग**

संयुक्त राज्य अमेरिकामा लागेको डढेलो अहिले लस एन्जलस वरपर फैलिएको छ । आगलागी ईटन, हर्स्ट, केनेथ र पालिसाडेसलगायत ३८ हजार एकडभन्दा अधिक क्षेत्रफलमा फैलिएको छ । अन्य दुई स्थानमा भने आगो नियन्त्रणमा आइसकेको छ । यस आगलागी कारण ११ जनाको मृत्यु भएको छ भने १३ जना हराइरहेका छन् । आगलागीबाट १२ हजारभन्दा अधिक घर तथा अन्य सम्पत्ति जलेर नष्ट भएको छ ।

****** ० ******

**बीसीसीआई- टी-ट्वेंटी टीम**

भारतीय क्रिकेट कन्ट्रोल बोर्ड (बिसिसिआई) ले इंग्ल्याण्डविरुद्धको पाँच खेलको टी–२० सिरिजका लागि १५ सदस्यीय टोलीको घोषणा गरेको छ । सिरिजको पहिलो खेल २२ जनवरीमा कोलकातामा हुनेछ । टोलीको कप्तानमा सूर्यकुमार यादव रहेका छन भने उपकप्तानमा अक्षर पटेल रहेका छन् । मोहम्मद शामी एक वर्षभन्दा अधिक समयपछि टोलीमा वापासी गर्दैछन् । टी–२० सिरिजपछि तीन एकदिवसीय खेल हुनेछन्, जसलाई १९ फेब्रुअरी देखि सुरु हुने च्याम्पियन्स ट्रफीको तयारीका रुपमा हेरिएको छ ।

****** ० ******